नेपाल सारकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**
सञ्चारग्राम, काठमाडौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
२०७५

## अत्यन्त जरुरी सूचना

यस विभाग साविक मन्त्रालय (सञ्चार तथा सूचना प्रविधि) बाट टेलिभिजनको इजाजत पत्र, Distibutor जस्तै MMDS, DTTB, DTH, IPTV, MSO को अनुमती प्राप्त संस्थाहरुलाई चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ८ मा कुनै पनि चलचित्रको प्रदर्शन गर्नुपूर्व चलचित्र जाँच समितिबाट अनुमति लिनुपर्ने, साथै चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम १७ को उपनियम (२) मा प्रदर्शकले चलचित्र जाँच समितिबाट अनुमति पाएका चलचित्र मात्र प्रदशैन गर्नु पर्ने तथा ऐ. नियमावलीको नियम १६ को उपनियम (२ख) मा विज्ञापन चलचित्र जाँच गराउनुपर्ने भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ। ऐ. ऐनको दफा १२ मा यो ऐन र यस ऐन अन्तर्गतको नियम उल्लघंन गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पाँच हजार रुपैँयासम्म जरिवाना गरी इजाजतपत्र खारेज गर्न सक्ने र निर्माण, प्रदर्शन तथा वितरण गर्दा प्रयोग गरिएका उपकरणहरु समेत जफत गर्न सक्ने समेत व्यवस्था रहेको छ। विभिन्न प्रसारण संस्था वा विद्युतिय सञ्चार माध्यम वा अन्य माध्यमबाट कतिपय चलचित्रि तथा विज्ञापन चलचित्रहरु जाँचपास नगराई प्रदर्शन गर्ने गरेको गुनासो यस मन्त्रालयमा प्राप्त हुन आएकोले चलचित्र तथा विज्ञापन चलचित्रिको पाँचपास गराएर मात्र सार्वजनिक प्रदर्शन तथा प्रसारण गर्नुहुन सम्बन्धित सबै माध्यमहरुलाई जानकारी गराइन्छ। साथै प्रचलित कानून विपरित प्रदर्शन तथा प्रसारण गरे/गराएको पाइएमा कानून बमोजिम कारबाही भइजाने व्यहोरा समेत सूचित गरिन्छ।